का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ कात्तिक २०७९, बिहीबार
10 November 2022, Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक २६४ । पृष्ठ १६
Madhyanha National Daily
www.madhyanhadaily.com



## प्रकोपको जोखिम
# न सतर्कता न चुनावी एजेण्डा

**नेपालीहरु भुकम्पबाट त्रसित छन् । सतर्कता र पूर्वतयारी नहुँदा पटक/पटक क्षति बेहोर्न बाध्य छन् । तर, विडम्बना यस्ता विषय चुनावी एजेण्डा बन्न सकिरहेको छैन् ।**

**रुपक खड्का/मध्यान्ह**
धनगढी, २३ कात्तिक

मंगलबार राति डोटी केन्द्रबिन्दु भएर भूकम्प गयो । जिल्लाभर दर्जनौं घर र सार्वजनिक भवनहरुमा क्षति पुगेको सरकारी तथ्याङ्क छ । डोटीमा ६ जनाको मृत्यु भएको छ । बझाङमा दुई दर्जनभन्दा बढी घर भत्किए पनि मानवीय क्षति भने भएको छैन ।

भूकम्पमापन केन्द्र सुर्खेतका अनुसार खप्तड राष्ट्रिय निकुञ्जमा पर्ने बाबा आश्रम आसपास केन्द्रविन्दु भएर गएको ६.६ म्यागिनच्यूडको भूकम्पको धक्काको क्षतिको पूर्ण विवरण आइनसकेको छैन् । तर, जिल्ला कारागारको पर्खाल चर्किएको, सदरमुकाम चैनपुर नजिकै भोपुरमा रहेको जयपृथ्वी बहुमुखी क्याम्पसका केही भवन चर्किएर छियाछिया भएका छन् ।

थलारा गाउँपालिका १, सिरेटाकी अम्बु दमाइका अनुसार उनीसहित दर्जनौंको परिवार भूकम्पबाट पूर्ण रुपमा घर भत्किएपछि विचल्लीमा परेका छन् । खानी, सिरेटा र राउलीमा मात्रै ७० भन्दा बढी घर बस्न नमिल्ने गरी चर्किएको छ ।

फेरि भूकम्प आउँछ कि भनेर स्थानीयहरु डरले घरभित्र पस्न सकिरहेका छैनन् । सर्तकता र पूर्वतयारी नहुँदा डोटी र बझाङका नागरिकहरु जसरी कष्टकर र त्रसित छन् उस्तै त्रास अन्यत्र पनि छ । तर, भुकम्पको जोखिममा नेपाल रहेको जान्दा जान्दै पनि पूर्व तयारी र सतर्कताका सम्बन्धमा राजनीतिक दलहरु गम्भीर भएका छैनन् ।

किनभने २०७२ को विनाशकारी भ्रकम्प र त्यसले पुर्‍याएको क्षेतिको पुननिर्माण नसकिँदा समेत दलहरुले भुकम्पको पूर्वतयारी, सतर्कताका विषयलाई चुनावी एजेण्डा बनाएका छैनन् । २०७२ मा गएको विनाशकारी ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पबाट ठूलो जनधनको क्षति भएको थियो । त्यसबेला भूकम्पबाट २९ जिल्ला बढी प्रभावित भएका थिए ।

– बाँकी पृष्ठ २ मा

## चुनावमा खटिए २ लाख ४७ हजार कर्मचारी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक

४ मंसिरको प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको चुनावमा करिब दुई लाख ४७ हजार कर्मचारी खटिने भएका छन् ।

निर्वाचन आयोगले आसन्न निर्वाचनका लागि झण्डै दुई लाख ४७ हजार कर्मचारी खटाउने भएको हो । आयोगले केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय, ७७ जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन र निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणना कार्य समेतका लागि सुरक्षा निकायबाहेक दुई लाख ४७ हजार कर्मचारी खटाउने भएको हो ।



देशभर निर्वाचनका लागि आवश्यक जनशक्ति नियुक्त भइसके, अहिले तालिम सञ्चालन भइरहेको छ । दुई दिनपछि कर्मचारीहरू मतदान केन्द्रतर्फ खटिनेछन् ।

**कमल ज्ञवाली**
**उपसचिव, निर्वाचन आयोग**

आयोगका उपसचिव कमल ज्ञवालीका अनुसार आयोगको जनशक्ति व्यवस्थापन निर्देशिकाले व्यवस्था गरेबमोजिम देशभर मुख्य निर्वाचन अधिकृतको कार्यालयले कर्मचारी नियुक्ति गरिसकेको र अहिले तालिमहरू सञ्चालन भइरहेको छ ।

जनशक्ति व्यवस्थापन निर्देशिकाअनुसार जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजकत्वमा गठित समितिहरूले निजामती सेवा र सार्वजनिक निकायमा काम गर्ने

– बाँकी पृष्ठ २ मा

### मर्यादा नपाएको शिक्षकको गूनासो

चुनावमा खटिएका शिक्षकहरुले निजामतीसरह मर्यादा नपाएको गूनासो गरेका छन् । मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारी छनोटका क्रममा शिक्षकहरुलाई उचित मर्यादा नदिएको शिक्षक महासंघको भनाइ छ ।

निर्वाचन आयोगले २६ साउनमा स्वीकृत गरेको निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ को दफा ११ (२) कर्मचारी परिचालन नभएको महासंघले बताएको छ ।

मतदान अधिकृतको रुपमा माध्यमिक, उच्च माध्यमिक, निमावि प्रथम, द्धितीय र प्रावि प्रथम

– बाँकी पृष्ठ २ मा

# दार्चुला पुगेर देउवा–प्रचण्डको जवाफ

**बुधबार दार्चुलामा आयोजित गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको हो भनेर संसदले दुई तिहाई बहुमतले पारित गरेको स्मरण गरे ।**

**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, २३ कात्तिक

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भाषणले चुच्चे नक्सा जारी नभएको जवाफ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई फर्काएका छन् । दार्चुलाबाटै अध्यक्ष ओलीले आफ्नो पार्टीले चुनाव जिते चुच्चे नक्सा अनुसारको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र फिर्ता ल्याउने बताएका थिए । आफ्नो नेतृत्वको सरकारले चुच्चे नक्सा जारी गरेको र चुच्चे नक्सा जारी गरे बापत् सरकारबाट हट्नुपरेको भनी चुच्चे नक्सालाई नै मुख्य चुनावी एजेण्डा बनाएपछि प्रधानमन्त्रीले जवाफ फर्काएका छन् ।

बुधबार दार्चुलामा आयोजित गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको हो भनेर संसदले दुई तिहाई बहुमतले पारित गरेको स्मरण गरे । कात्तिक



१८ गते दार्चुला पुगेर एमाले अध्यक्ष ओलीले गरेको सम्बोधनप्रति लक्षित गर्दै देउवाले भने, भाषणले चुच्चे नक्सा जारी भएको होइन । ओलीजीले यहाँ आएर बोलेर पनि हुँदैन । भारतसँग कुरा गर्नसक्नुपर्छ ।'

साथसाथै, प्रधानमन्त्री देउवाले गठबन्धन अहिलेमात्रै नभएर पछिसम्म निरन्तर जाने बताएका छन् । गठबन्धन राष्ट्रिय आवश्यकता भएको उनको भनाई छ । प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई निर्वाचन क्षेत्र रहेको दार्चुलामा गठबन्धनका तीनै जना उम्मेदवारलाई जिताएर पठाए तीनै जनालाई मन्त्री बनाउने देउवाको आश्वासन छ । दार्चुला सम्भावनाको खानी भएको उल्लेख गर्दै उनले विकासका लागि गठबन्धन प्रतिवद्ध रहेको बताए । महाकाली करिडोरलाई सरकारले प्राथमिकता दिने उनको प्रतिवद्धता छ ।

बुधबार नै बैतडीको पाटनमा भएको लोकतान्त्रिक-वाम गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्दै कांग्रेस सभापति एवं प्रधानमन्त्री देउवाले पश्चिम सेती परियोजना निर्माण सकिएपछि सुदूरपश्चिमको कायापलट हुने बताए । पश्चिम सेती निर्माणको काम अगाडि बढिसकेको उनको भनाइ छ ।

'भारतीय कम्पनीसँग सम्झौता गरेर पश्चिम सेती परियोजनाको काम अघि बढेको छ । यो निर्माण सम्पन्न भएपछि सुदूरपश्चिममा कायापलट हुनेछ । किनभने पश्चिम सेतीको आम्दानी सुदूरपश्चिमको हुन्छ ।' उनले भने ।

देउवाले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको काम पनि अघि बढ्ने बताए । यो कामको लागि भारतीय प्रधानमन्त्रीसमेत इच्छुक रहेको उनले सुनाए । बैतडीको पुर्चौंडी बहुमुखी क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयको आंगीक क्याम्पस बनाउने पनि उनको प्रतिवद्धता छ । कार्यक्रममा सहभागी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## विश्वकपलाई सफल बनाउन नेपाली समुदायसँग अपिल

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, २३ कात्तिक

कतारस्थित नेपाली दूतावासले उक्त मुलुकमा यसै महिना (नोभेम्बरमा) हुने बहुप्रतिक्षित फिफा विश्वकप फुटबल प्रतियोगिता सफल बनाउन वैदेशिक रोजगारमा रहेका नेपाली कामदार तथा नेपाली समुदायलाई अपिल गरेको छ ।

अबको १० दिनपछि अर्थात् नोभेम्बर २० देखि डिसेम्बर १८ सम्म कतारमा विश्वकप फुटबलको महासंग्राम हुँदैछ । कतारले विश्वकप फुटबल आयोजना तथा त्यसको सफलतापूर्वक सञ्चालनलाई आफ्नो मुलुकको गौरव र प्रतिष्ठाका रुपमा लिएको छ ।

कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालले बुधबार विज्ञप्ति जारी गर्दै कतारमा क्रियाशील नेपाली समुदाय तथा संघसंस्थाहरूले यसबीचमा आयोजना गरिएका कार्यक्रम सम्भव भएसम्म स्थगित गरी इमान्दारिता, कर्तव्यपरायणता र उच्च मर्यादासहित विश्वकप फुटबल प्रतियोगिता सफल बनाउन जिम्मेवारपूर्ण सहयोग गर्नुपर्ने उल्लेख गरेका छन् ।

विज्ञप्तिमा नेपालीहरूले कतारको विकास तथा समृद्धिका लागि पुर्‍याएको योगदानको कतार सरकारका उच्चाधिकारीहरूले मुक्तकण्ठले प्रंशसा गरिररहेको उल्लेख गर्दै दुबै मुलुकको सम्बन्धलाई बहुआयामिक क्षेत्रमा विकसित गर्दै अझ उच्चस्तरमा पुर्‍याउन सबैले सकारात्मक र जिम्मेवार भूमिका निभाउनु पर्ने उल्लेख छ ।

– बाँकी पृष्ठ २ मा

### मलेसियाको एफजीभी कम्पनीले १६ हजार कामदार लैजाने

**काठमाडौं/मस–** मलेसियाको एफजीभी होल्डिङ कम्पनीले नेपालसहित भारत र इण्डोनेशियाबाट १६ हजार विदेशी कामदार लैजाने भएको छ । गत अक्टोबरदेखि शुरुवात गरी २०२३ को अन्तिमसम्ममा उक्त संख्यामा विदेशी कामदार लैजाने योजना बनाएको उक्त कम्पनीले बताएको छ ।

भर्ना गरिने सबै कामदार अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओको गाइडलाइन्सअन्तर्गत छनोट कामदारको कुनै लागत बिना लैजाने बताएको छ । छनोट भएका कामदार आफ्नो

– बाँकी पृष्ठ २ मा

## आज उम्मेदवारी दर्ता

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक

मोरङ निर्वाचन क्षेत्र नम्बर ३ को प्रदेशसभा '१' का लागि आज उम्मेदवारी मनोनयन दर्ताको कार्यक्रम छ । यस क्षेत्रबाट नेपाली कांग्रेसका प्रदेशसभा सदस्य उम्मेदवार शेखरचन्द्र थापाको बुधबार निधन भएपछि निर्वाचन आयोगले उम्मेदवारी दर्ताको समय दिएको हो ।

आज उम्मेदवारी दर्ता र शुक्रबार अन्तिम नामावली प्रकाशन गरिने निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचन कार्यतालिका हेरफेर भए पनि मतदान भने ४ मंसिरमा नै हुनेछ । मोरङ-३ को प्रदेशसभा '१' का लागि निर्वाचन कार्यालयले बुधबार निर्वाचन कार्यक्रम सार्वजनिक गरेको हो ।

**मोरङ-३ को प्रदेशसभा '१'**

प्रदेश १ निर्वाचन कार्यालय विराटनगरका प्रमुख लेवन काश्यप अधिकारीका अनुसार उम्मेदवारी मनोनयन दर्ताका लागि आज विहान १० बजेदेखि १ बजेसम्मका लागि समय तोकिएको छ । १ बजेदेखि २ बजेसम्म उम्मेदवारको सूची प्रकाशन, दिउँसो २ बजेदेखि ५ बजेसम्म उम्मेदवार विरुद्ध उजुरीका लागि समय तोकिएको छ । उम्मेदवारको योग्यतामाथि जाँचबुझका लागि कात्तिक २४ देखि ५ बजेदेखि २५ गते दिउँसो १२ सम्म समय तोकिएको छ ।

नाम फिर्ता लिने, अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिह्न प्रदान गर्ने समय शुक्रबारलाई तोकिएको छ ।

प्रदेशसभा निर्वाचन ऐन २०७४ को ३२ को उपदफा ५ अनुसार जुन दलको उम्मेदवारको मृत्यु भएको हो, सोही

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



मध्यान्ह
www.madhyanhadaily.com
२४ कात्तिक २०७९, बिहीबार
10 November 2022, Thursday

# आचारसंहिता र आयोगका निर्देशनहरूको अवज्ञा नगर्न चेतावनी

**काठमाडौं/मस-** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता र आयोगका निर्देशनको अवज्ञा गर्ने दुस्साहस भएमा सह्य नहुने बताएका छन् ।




आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले युवाहरुका संघ संस्था र युवा प्रतिनिधिसँग आज आयोजना गरेको छलफल कार्यक्रममा प्रमुख निर्वाचन उनले राजनीतिक दल, उम्मेदवार, सार्वजनिक निकाय र सम्बन्धित पक्षले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहितरुपमा सम्पन्न गराउन सघाउनुपर्ने भएकाले आचारसंहिताको उल्लंघन र निर्देशनको अवज्ञा भएमा उल्लंघनकर्तालाई महँगो पर्नसक्ने चेतावनी दिएका हुन् । उनले केही स्थानीय तहले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न नसक्ने जानकारी गराएको सन्दर्भमा ती तहलाई कारवाही हुने स्पष्ट गरे ।

युवालाई सामाजिक सञ्जाल र अन्य माध्यमको उपयोग गरी निर्वाचनको सकारात्मक प्रचारप्रसार र मतदाता शिक्षा दिन आग्रह गर्दै उनले आचारसंहिताको उल्लघङ्न पाइएमा जुनसुकै माध्यमबाट उजुरी दिने सकिने अवगत गराए । उनले निर्वाचनमा जित्नेभन्दा पराजित हुने उम्मेदवारको सङ्ख्या धेरै हुने भएकाले निर्वाचनपछिको राजनीतिक वातावरण धुमिल हुन नदिन र सौहार्दता कायमका लागि पनि युवाले सकारात्मक भूमिका खेल्न सक्ने उल्लेख गरे ।

प्रमुख आयुक्त थपलियाले मतदान केन्द्र सकेसम्म अपाङ्गता मैत्री बनाउन आग्रह गरिएको र त्यसतर्फ आयोग सचेत रहेको स्पष्ट गरे । उनले भने, 'मतदाताको विवेकको मत प्रयोग गराउन मतदान अधिकृत, राजनीतिक दलका प्रतिनिधि र स्वयंसेवकलाई आयोगले सुम्पिएको विश्वासमा कुठाराघात नहोस्, स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित निर्वाचन गराउने लक्ष्यमा हामी सबैको सहयोग चाहन्छौं ।'

### आचारसंहिता सबैलाई समान रुपमा लागु हुन्छ : आयुक्त डा. तुलाधार

निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधारले लोकतन्त्रमा आवधिक निर्वाचन महत्वपूर्ण आधारस्तम्भ भएको बताएकी छिन्। निर्वाचन आयोग र नेपाल कानून समाजको आयोजनामा तनहुँको दमौलीमा आयोजित निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आयोग प्रतिबद्ध रहेको बताइन् ।

सबैसँगको सहकार्य र समन्वयबाट निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न आयोग कटिबद्ध भएर लागेको आयुक्त तुलाधारको भनाइ थियो । तुलाधारले आचारसंहिता पालनाले मात्र विश्वसनीय निर्वाचन सम्पन्न हुने भएकाले आचारसंहिताको पूर्ण पालना गर्न आग्रह गरिन । 'आचारसंहिताले स्वअनुशासनमा बस्न प्रेरित गर्छ, यो नैतिक बन्धन हो,' तुलाधारले भनिन्, 'आचारसंहिता सबैलाई समान रुपमा लागु हुन्छ ।'

आचारसंहिता उल्लंघनका विषयमा आयोग कडा रुपमा प्रस्तुत हुने बताउँदै आयुक्त तुलाधारले आचारसंहिता उल्लंघन गर्ने सबैलाई कारबाही गरिने प्रष्ट पारिन् । 'आचारसंहिताको परिधिमा रहेर दलले प्रचारप्रसार गर्नुहोस्, प्रचारप्रसारमा कसैलाई नहोच्याउनुहोस्, दुष्प्रचार नगर्नुहोस्,' उनले भनिन् । स्वअनुशासनमा बसेर आचारसंहितामा नचुक्न आग्रह गर्दै तुलाधारले दायित्व पालना गर्न सम्झाइन् ।

आयुक्त तुलाधारले मितव्ययी हिसाबले निर्वाचन सम्पन्न गराउने तयारी गरिएको बताउँदै निर्वाचन खर्च परिमार्जन गरिएको उल्लेख गरिन् । निर्वाचन खर्चका सन्दर्भमा आयोगले तोकेको मापदण्ड बमोजिम तथ्यांक राख्न आग्रह गर्दै तुलाधारले भनिन्,'यस विषयमा आयोगले सुक्ष्म रुपमा अध्ययन गरिरहेको छ ।'

संविधान र कानून बमोजिम आयोग आफ्नो कर्तव्य पालनामा प्रतिबद्ध रहेको बताउँदै तुलाधारले आयोगको काममा सरोकारवाला निकायको सहयोगको अपेक्षा गरिएको बताइन् । 'स्थानीय तह निर्वाचनमा सरोकारवालाको भूमिकाले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्न सफल भयौं, मंसिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि उत्तिकै सहयोगको अपेक्षा आयोगको छ,' उनले थपिन् ।

मतदातालाई सचेत बनाउन तल्लो तहसम्म मतदाता शिक्षा सञ्चालन गरिएको र त्यसका लागि दल तथा उम्मेदवारहरूले सहयोग पुऱ्याउनुपर्ने उनको भनाइ थियो । आयोगका सहसचिव तुलसीबहादुर श्रेष्ठले निर्वाचन लोकतन्त्रको आधुनिक जग भएको बताउँदै निर्वाचनको महत्वपूर्ण कडी आचारसंहिता भएको उल्लेख गरिन् ।

# गणेशमान सिंहको १०८औँ जन्मजयन्ती मनाइँदै



**काठमाडौं/मस-** प्रजातन्त्र पुन:स्थापनाका लागि विसं २०४६ मा भएको जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको १०८औँ जन्मजयन्ती बिहीबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । नेपाली राजनीतिमा त्याग र साहसको उच्च उदाहरणका रूपमा रहेका सिंह सबैको निष्ठाको केन्द्र बन्न सफल भएको थियो । विसं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरेको आग्रहमा उनले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गरेका थिए ।

विसं १९७२ कात्तिक २४ गते काठमाडौंको क्षेत्रपाटीमा जन्मनुभएका नेता सिंहको विसं २०५४ असोज २ गते निधन भएको हो । काठमाडौंको खानदानी परिवारमा जन्मिएका सिंहले विसं १९९७ मा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद्को सदस्य भई राणा शासन हटाउने अभियानमा आफूलाई सक्रिय बनाएका थिए ।

राणा शासन अन्त्य गर्ने अभियानमा लागेपछि उनीलगायत नेतालाई तत्कालीन सरकारले जेल हाल्यो । विसं २००७ अघि नै भद्रगोल जेल फोरेर भाग्न सफल भएका जोशिला तन्नेरी गणेशमान प्रवास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनमा सक्रिय भएको थिए । जेलबाट भागेर भारतमा पुगी उनले अर्का नेता विपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित गरे । केही सहयोगीका साथ विसं २००३ मा स्थापित नेपाली राष्ट्रिय कांग्रेसलाई आजीवन जुझारू नेतृत्व दिन पनि गणेशमानको उल्लेखनीय भूमिका छ ।

प्रजातन्त्र स्थापनाका लागि भएको विसं २००७ को क्रान्तिका एक अगुवाका रूपमा उनले वीरगञ्ज मोर्चामा सशस्त्र सङ्घर्ष गरे । नेता सिंह देशमा प्रजातन्त्र बहाली र पुन:बहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले विपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रूपमा रहेका थिए । उनी नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन सदा क्रियाशील भए ।

विसं २०१५ मा पहिलो निर्वाचन भएपछि बनेको सरकारमा वरिष्ठ मन्त्री भएका गणेशमानले विसं २०१७ मा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर पहिले सिंहदरबार र त्यसपछि सुन्दरीजल बन्दीगृहमा काराबास जीवन बिताए । विसं २०२५ मा विपीसँगै सुन्दरीजल बन्दीगृहबाट रिहा भएपछि उनले प्रवासमा राजनीतिक सङ्गठन विस्तार गरे । विसं २०३३ मा विपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती व्यवस्थाका विरुद्ध नेता सिंह सक्रिय रहे ।

तत्कालीन पञ्चायती सरकारले विपीसँगै उनले मृत्युदण्डको माग गरिएका आठवटा मुद्दामा विशेष अदालतबाट सफाइ पाए । गणेशमानले विसं २०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गरे । विपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रूपमा गणेशमानले विसं २०४२ को सत्याग्रह आन्दोलनको नेतृत्व गरे । विसं १९९७ देखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारू व्यक्तित्वका सर्वप्रिय नेता गणेशमानको महत्वपूर्ण योगदान विसं २०४६ मा रह्यो । जनआन्दोलनका लागि कम्युनिष्टसँग मिलेर पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्ने गणेशमान सिंह उक्त आन्दोलनका सर्वोच्च कमाण्डर भई सबैको प्रिय बनेका हुन् ।

नेता सिंहलाई विसं २०१७ पुस १ गतेको 'कू'पछि विसं २०२५ सम्म विपी कोइरालासँगै सुन्दरीजल बन्दीगृहमा थुनिएको थियो । विसं २०२५ मा जेलमुक्त भएपछि विपीसँगै भारत निर्वासनमा भएका नेताहरूलाई विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै गिरफ्तार गरी सुन्दरीजल बन्दीगृहमा दोस्रोपटक थुनियो ।

विसं २०६१ भदौ २४ गते बन्दीगृहलाई विपी सङ्ग्रहालयमा रुपान्तरण गरिएको थियो । गणेशमान जयन्तीका अवसरमा नेपाली कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक सङ्घसंस्थाले आज विभिन्न कार्यक्रम आयोजना गरी मनाउने जनाइएको छ । यस अवसरमा गणेशमान सिंह प्रतिष्ठानले चाक्सीबारीमा उनका विषयमा लेखिएका पुस्तक विमोचन गर्ने कार्यक्रम राखेको छ ।

# जसपाका सर्लाही सचिवसहितका नेता माओवादीमा प्रवेश

**सर्लाही/मस-** जनता समाजवादी पार्टी(जसपा)सर्लाहीका सचिव जयप्रकाश राय र बरहथवा नगर कमिटीका अध्यक्ष लक्ष्मी राय नेकपा(माओवादी केन्द्र)मा प्रवेश गरेका छन् ।

माओवादी केन्द्र सर्लाही क्षेत्र नम्बर ३ को चुनावी प्रचार प्रसार कार्यक्रम अन्र्तगत बरहथवा नगरपालिका १० स्थित दास धर्मशालामा आयोजित कार्यक्रममा जसपा सर्लाहीका सचिव रायको नेतृत्वमा करिब ५ सय जना विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरु माओवादी केन्द्रमा प्रवेश गरेका माओवादी केन्द्र बरहथवा नगर कमिटीका अध्यक्ष सुमन थापाले जानकारी दिए । आगामी मंसिर ४ गतेहुने प्रदेश तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचार प्रसार कार्यक्रम अर्न्तगत भएको कार्यक्रममा जसपाले मधेश विरोधी पार्टी नेकपा(एमाले)सँग गठबन्धन गरेको भन्दै असन्तुष्टी जनाउँदै माओवादी केन्द्रमा प्रवेश गरेको रायले बताए । उनी गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा बरहथवा नगरपालिकाको नगर प्रमुख पदको उम्मेदवार थिए । यस्तै, जसपा बरहथवा नगर कमिटीका अध्यक्ष लक्ष्मी बरहथवा नगरपालिका ५ को वडा अध्यक्ष पदका उम्मेदवार थिए । जसपा सर्लाहीका सचिव रायले संघीय र प्रदेशको निर्वाचनको संघारमा ठूलो संख्यामा माओवादी केन्द्रमा प्रवेश गर्दा एमाले र जसपाबीच भएको दुई दलीय गठबन्धनलाई झट्का लागेको छ ।

माओवादी केन्द्रका उप-महासचिव एवं मधेश प्रदेशका इन्चार्ज गणेश साहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उनीहरु माओवादी केन्द्रमा प्रवेश गरेका माओवादी केन्द्र बरहथवा नगर कमिटीका सचिव रामबाबु सिंहले जानकारी दिए ।

**प्रकोपको...**

डोटीको भुकम्प अगाडिका एक महिनामै पनि पटक-पटक शक्तिशाली भूकम्प गएको छ । सरकारी तथ्याङ्कमा ६ जनाको मृत्यु भएको छ । केही घाइते छन् । भूकम्प मापन केन्द्रकाअनुसार नेपालमा पछिल्लो २२ दिनमा छ पटक भूकम्पको धक्का महसुस गरिएको छ । यही कात्तिक २ गतेदेखि २३ गतेसम्म ६ पटक भूकम्पले धक्का दिएको हो । जुन चार रेक्टर स्केलभन्दा माथिको छ ।

भुकम्प निरन्तर आइरहेको जान्दा जान्दै पनि दलहरुले यसबारे प्रष्ट धारणा नदिएका हुन् । चुनावी घोषणापत्रमा दलहरुले भूकम्पले पुऱ्याएको क्षेति, पुनर्निर्माणका विषयमा बोले पनि पीडितलाई राहत र क्षेतिका कुरा गरे पनि पूर्व तयारी, सतर्कताका सम्बन्धमा के गर्ने हो ठोस रुपमा समावेश गरेका छैनन् ।

**चुनावमा...**

कर्मचारीलाई पदीय हिसावले विवरण लिएर मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई सिफारिस गरेका थिए । सिफारिस भएका कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले नियुक्त गरिसकेको छ ।

उपसचिव ज्ञवाली भन्छन्, 'देशभर निर्वाचनका लागि आवश्यक जनशक्ति नियुक्त भइसके, अहिले तालिम सञ्चालन भइरहेको छ । कर्मचारीहरू मतदानको तीन दिन अगाडि नै मतदानस्थलमा पुगिसक्नुपर्ने हुन्छ । त्यसअनुसार अब दुई दिनपछि कर्मचारीहरू मतदान केन्द्रतर्फ खटिनेछन् ।'

**मर्यादा...**

शिक्षक र शाखा अधिकृत मात्रै हुनुपर्ने, सहायक मतदान अधिकृतमा निमावि तृतीय, प्रावि द्वितीय, प्रावि प्रथम र शाखा अधिकृत मात्र हुनुपर्ने, सहायक कर्मचारीको रुपमा प्रावि तृतीय, बाल विकास शिक्षक, विद्यालय कर्मचारी (सह लेखापाल) मात्र रहनुपर्ने गरी सच्याउन शिक्षक महासंघले माग गरेको छ ।

सेवामा नरहेका शिक्षक कर्मचारीलाई समेत खटाइएको तर बहालवाला वरिष्ठ शिक्षकलाई नखटाएको भन्दै महासंघले आपत्ति समेत जनाएको छ ।

**दार्चुला...**

दाहाल 'प्रचण्ड'ले अब बन्ने बजेटमा सुदूरपश्चिमले प्राथमिकता पाउने आश्वासन दिए । पश्चिम सेती र झुलाघाटमा मोटरबेल पुल निर्माण अगाडि बढाउने उनको प्रतिवद्धता छ ।

**विश्वकपलाई...**

यसैबीच कतारको केन्द्रीय बैंकले विश्वकप फुटबल प्रतियोगिताको अवसरमा २२ रियालको नोट जारी गरेको छ । कतारको केन्द्रीय बैंकले फिफा र सुप्रिम कमिटी फर डेलिभरी एन्ड लिगेसीसँगको समन्वयमा विश्वकप विशेष नोट र सिक्का सार्वजनिक गरेको हो । नोट र सिक्का विश्वकप दर्शक र स्थानीयले बैंक तथा एक्सचेञ्ज हाउसमार्फत ७५ रियालमा खरिद गर्न सकिने केन्द्रीय बैंकले बताएको छ । नोट र सिक्कामा विश्वकपको लोगो, ट्रफी, लुसेल र अल बायत रंगशाला, राष्ट्रिय चिह्नलगायत समावेश गरिएको छ । विश्वकप जस्तो ऐतिहासिक कार्यक्रमको सफल आयोजनाको निमित्त बैंकिङ क्षेत्रले नयाँ मुद्रामार्फत योगदान गरेको केन्द्रीय बैंकका गभर्नर शेख बन्दर बिन मोहम्मद बिन साउद अल थानीले बताए । नयाँ मुद्राले कतारको फुटबल इतिहासलाई प्रतिनिधित्व गरेको जनाइएको छ ।

कतारले एक वर्षअघि आफ्नो राष्ट्रिय दिवसको अवसर पारेर एक, पाँच, दश, पचास, एक सय, दुई सय र पाँच सयका नयाँ नोटहरु जारी गरेको थियो । कतारको इतिहासमा पहिलो पटक तत् समयमा २०० रियाल र हाल २२ रियालको नोट सार्वजनिक गरिएको हो । कतारमा अहिले पाँचौं संस्करणका नोटहरु चलनचल्तीमा रहेका छन् ।

**मलेसियाको...**

मुलुक लैजान एफजीभी होल्डिङ कम्पनीले नै विमान चार्टर्ड गर्ने बताएको छ ।

उक्त कम्पनीले स्रोत मुलुकबाट कामदार लगेपछि कम्तीमा ३ महिना न्यूनतम तलव दिएर तालिम दिएपछि मात्रै काममा लगाउने बताएको छ । कोभिड १९ का कारण विदेशी कामदार लिने कम्पनीको योजना कार्यान्वयन नभएबाट विदेशी कामदारको अभाव चर्किएको भन्दै उक्त कम्पनीले विदेशी कामदार भर्नाको कामलाई तिव्रता दिने बताएको छ । १६ हजार विदेशी कामदार लैजाने योजना अन्तर्गत अक्टोबरमा भारत र इण्डोनेशियाबाट करिब ५ हजार कामदार लगेको बताएको छ ।

**आज...**

दलका लागि मात्रै निर्वाचन आयोगले निर्वाचनको केही कार्यक्रम संशोधन गरी सार्वजनिक गरेको हो । समय पर्याप्त भएका कारण मतदान नसारिएको आयोगले जनाएको छ । गत असोज २३ गते मनोनयन दर्ता गरेका थापा २४ गते स्वास्थ्यमा समस्या देखिएपछि नोबेल मेडिकल कलेज विराटनगर भर्ना भएका थिए । नोबेलबाट थप उपचारका लागि असोज २७ गते उनलाई हेलिकप्टर मार्फत ह्याम्स अस्पताल काठमाडौं लगिएको थियो । ह्याम्समा २५ दिन उपचारपछि स्वास्थ्यमा सुधार भएका कारण उनलाई आफन्तले सोमबार नोबेल मेडिकल कलेजमा ल्याएका थिए । स्वास्थ्य अवस्था कमजोर भएका कारण उनलाई २४ सै घण्टा अक्सिजन सपोर्टमा राखिएको थियो । मंगलबार साझ श्वास प्रश्वासमा समस्या देखिएपछि उनलाई आईसीयू र भेन्टिलेटरमा राखिएको थियो । अस्पतालले बुधबार विहान साढे १० बजे उनलाई मृत घोषित गरेको थियो । उनलाई डेङगु र निमोनियाको संक्रमण देखिएको थियो । प्रदेश १ का वन वातावरण तथा भू संरक्षण मन्त्रीसमेत रहेका थापाको मृत्यु शोकमा प्रदेश १ सरकारले बिहीबार प्रदेश १ मा सार्वजनिक विदा दिने निर्णय गरेको छ ।


## चौरपाटी गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौरपाटी, अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९।०७।२४

यस कार्यालयबाट मिति २०७९ असोज ४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिल बमोजिमको खरिद कार्यको लागी देहाए बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्रहरू न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएका हुंदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ बोलपत्रदाताहरू तथा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नम्बर | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक ) रु. | कैफियत |
|---|---|---|---|---|
| CRM/ACHHAM/NC-B/W/BLD/01/079/080 | दयापिपलतोला मावि होस्टेल भवन निर्माण चौरपाटी ५ लुंग्रा अछाम | श्री डि. आर निर्माण सेवा चौरपाटी अछाम | ५५,६५,१६७.५४ | |
| CRM/ACHHAM /NC-B/W/G/02 /079/080 | चौरपाटी गाउँपालिका खेलमैदान स्तारोन्नती निर्माण चौरपाटी गाउँपालिका १ चौरपाटी अछाम | मालिका निर्माण सेवा चौरपाटी अछाम | २७,८२,८५५.७२ | |
| CRM/ACHHAM/NC-B/W/RR/03/079/080 | चौखुमी पतलचौर ग्रामिण सडक चौरपाटी गाउँपालिका २ सोकट अछाम | डि .डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स सिलगढी डोटी | १९,७९,७३८.२३ | |
| CRM/ACHHAM/NC-B/W/T/04/079/080 | त्रिवेणी धाम भौतिक संरचान निर्माण चौरपाटी गाउँपालिका ४ पायल अछाम | मालिका निर्माण सेवा चौरपाटी अछाम | ४,६४,३६४.०० | |
| CRM/ACHHAM/NC-B/W/T/05/079/080 | देविथुम मन्दिर निर्माण चौरपाटी गाउँपालिका ४ र ५ अछाम | मालिका निर्माण सेवा चौरपाटी अछाम | ४,३८,०१७.२० | |

धन बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

# निर्वाचन नजिकिएसँगै सुरक्षा निगरानी थप चुस्त



**काठमाडौं/मस–** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन अब १० दिन बाँकी छ। निर्वाचनको मतदान गर्ने मिति नजिकिएसँगै सुरक्षा निगरानीलाई थप चुस्त पारिएको छ । यसपटक निर्वाचन सुरक्षामा झन्डै तीन लाख सुरक्षाकर्मीहरु परिचालित छन् ।

तीन सुरक्षा निकायका एक लाख ८२ हजार सुरक्षा जनशक्तिका साथै एक लाख १५ हजार म्यादी प्रहरी परिचालित छन् । अहिले आवश्यकताका आधारमा धेरै सुरक्षाकर्मी निर्वाचन सुरक्षामा परिचालित भइसकेका गृह मन्त्रालयले जनाएको छ । मतदानस्थलको चुनौतीका आधारमा विश्लेषण गरेर निर्वाचन सुरक्षा चुस्त पारिएको गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलले बताए ।

मन्त्रालयले एकीकृत सुरक्षा योजना बनाएर तीन सुरक्षा घेरा निर्माण गरी निर्वाचनको विशेष सुरक्षा योजना तयार पारेको छ । जसमा पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना तैनाथ हुनेछन् ।आ-आफ्नो सुरक्षा निकायलाई प्राप्त जिम्मेवारी पूरा गर्न तीनवटै सुरक्षा निकाय सक्रिय छ। सुरक्षा निकाय तल्लीनसाथ लागेको छ ।

निर्वाचन आयोगमा रहेको निर्वाचसम्बन्धी संयुक्त अपरेसन टोलीले समेत एकीकृत रुपमा काम गरिरहेको छ। त्यसका लागि नेपाल प्रहरीबाट एसएसपीको नेतृत्वमा नौजनाको समूह छ । सामाजिक सञ्जाल लगायतका विभिन्न क्षेत्रमा निगरानी गर्ने काम गरिरहेको छ ।

'समग्रमा यसपालिको निर्वाचनको सुरक्षा योजना राम्रो र भरपर्दो छ, ढुक्कसँग मत दिने वातावरण छ', नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले भने ।

उनका अनुसार यसपटक २८ साना समूहले चुनाव बहिष्कार गर्छौं भनेका छन् । ती समूहको सूक्ष्म निगरानी भइरहेको छ। 'उनीहरुको समूह ठूलो छैन तर पनि त्यसको हामीले हरेक कोणबाट निगरानी गर्ने र उसका गतिविधिको सूक्ष्म विश्लेषण गरिरहेका छौं' उनले भने।

चुनाव शान्तिपूर्ण रुपमा सम्पन्न गर्न कटिबद्ध रहेका नेपाल प्रहरीले जनाएको छ । ढुक्कसँग चुनावमा मत दिने वातावरण निर्माणमा नचुक्ने गरी सुरक्षा योजना बनाएको जनाइएको छ ।

विगतमा सुरक्षाले नसमेटेको क्षेत्रमा समेत अहिले प्रहरी परिचालित छ । अस्थायी चौकी खडा गरेरै निगरानी बढाइएको छ । सबै आवश्यक क्षेत्रमा म्यादी प्रहरी पनि परिचालित छन् ।

अलिकति समस्या उम्मेदवार र दलका प्रतिनिधिबीचमा हुने विवादहरु नै रहेको प्रहरीको निष्कर्ष छ । विगत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा त्यही भएको थियो । त्यसमा केही घटना भएको छ, त्यो कसरी भयो, सुरक्षा कहाँ चुक्यो, त्यसबाट पाठ लिएर अहिलेको सुरक्षा योजना बनाइएको प्रहरी प्रवक्ता राईले जानकारी दिए।

प्रदेशगत रुपमा भेटेर छलफल गर्ने र सुरक्षाकर्मीको मनोबल बढाउने काम नेपाल प्रहरीका उच्च अधिकारीहरुबाट भइरहेको तथा आवश्यक निर्देशन दिइएको पनि उनले बताए ।

प्रवक्ता राईले भने,'हरेक निर्वाचनमा जहिले पनि सुरक्षाको चुनौती हुन्छ नै, तर चुनाव बिथोलिने अवस्था हुन्न, द्वन्द्वकालमा त चुनाव भएको थियो अहिले त सबै राजनीतिक पार्टीहरु चुनाव गराउन एक मत हुनुहुन्छ भने योपटक सुरक्षा चुनौती छ भन्न मिल्दैन ।'

नेपाल प्रहरी कहीँ कतै आकस्मिक घटना जहिले पनि हुनसक्छ भन्ने आङ्कलन गरेर त्यसको व्यवस्थापनका लागि नेपाल प्रहरी तयारीका साथ रहेको जनाइएको छ। अहिले आचारसंहिता पालनामा निर्वाचन आयोग आफैँ सात्रियताका साथ लागेकाले पनि थप सहज भएको प्रहरीको निष्कर्ष छ ।

यसपटकको निर्वाचनमा नेपाल प्रहीतर्फ ७१ हजार ६ सय ९३ जनशक्ति खटाइएको छ । त्यसका साथै एक लाख १५ हजार म्यादी प्रहरी छन् । काठमाडौंबाट यही २५ गतेसम्ममा झन्डै १२ हजार थप मद्दत विभिन्न प्रदेशमा पुर्‍याइन लागिएको छ ।

### दोस्रो घेराको सुरक्षामा सशस्त्र प्रहरी

मङ्सिर ४ को निर्वाचनमा दोस्रो घेराको सुरक्षा पहरामा रहेको सशस्त्र प्रहरीले ३५ हजार जनशक्ति परिचालन गरेको जनाएको छ । आवश्यक जनशक्ति निर्वाचनमा खटिइसकेका छन् भने केही तयारी अवस्थामा रहेका सशस्त्र प्रहरी बल नेपालले जनाएको छ ।

निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा मुख्य निर्वाचन अधिकृतको सुरक्षाको जिम्मा पनि सशस्त्र प्रहरीलाई छ । त्यसका साथै दोस्रो घेरामा रहेर सुरक्षा दिने जिम्मेवारी सशस्त्र प्रहरी बललाइ छ ।

सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पुरुषोत्तम थापाले सशस्त्रको निर्वाचन सुरक्षा बेस स्थापना गरी सादा पोसाक र मोबाइल गस्तीहरु शुरु भइसकेको जानकारी दिए। सीमा क्षेत्रमा समेत आवश्यक निगरानी भइसकेको उनले बताए ।

सुरक्षा चुनौतीका आधारमा मतदानस्थलको वर्गीकरण गरी तयही अनुसारको सुरक्षा रणनीति बनाइएको पनि उनले जानकारी दिए ।

### सेनाको यस्तो छ निर्वाचन सुरक्षा

नेपाली सेनाले यसपटकको निर्वाचनमा कुल ७५ हजार जनशक्ति परिचालन गर्दैछ । त्यसमध्ये आवश्यकताका आधारमा परिचालन हुनेछन् । सबै जनशक्ति परिचालन हुने गरी तयारी अवस्थामा रहेको छ ।

विगतको अनुभवका आधारमा एकीकृत सुरक्षा योजना मुताबिक सेनालाई प्राप्त म्यान्डेडअनुसार सबै जिल्लामा सेनाले निगरानी थालेको छ । जेल, विमानस्थललगायत सशस्त्र प्रहरी र नेपाल प्रहरीले सुरक्षाको जिम्मा लिइरहेको ठाउँमा समेत सेनाले जिम्मा लिइसकेको पनि उनले बताए ।

त्यसका साथै मतपत्र छपाइ भण्डारण तथा ढुवानीसम्बन्धी सुरक्षाको जिम्मा सेनाको छ। सेना निर्वाचनको तेस्रो घेरामा रहने सुरक्षा दस्ता हो । त्यसका साथै हवाई निगरानी र बम डिस्पोजको आवश्यक सबै काम सेनाले गर्नुपर्ने भएकाले त्यसको तयारी पनि सबै प्रदेशमा गरिएको प्रवक्ता सिलवालले बताए। यसअघि रहेको बेसले नभ्याउने ठाउँमा छुट्टै बस खडा गरेर निगरानी बढाएको पनि उनले जानकारी दिए ।

# बागलुङमा थपिँदै झोलुङ्गे पुल



**बाग्लुङ/मस–** झोलुङ्गे पुलको जिल्लाका रुपमा परिचित बागलुङमा पछिल्लो समय लामा र अग्ला झोलुङ्गे पुल थपिएका छन् । बागलुङबाट छिमेकी दुई जिल्लामा पुनः दुई लामा झोलुङ्गे पुल थपिँदैछन् । बागलुङ र पर्वत जोड्ने गरी निर्माण भएको पाँच सय ६७ मिटर लामो नेपालकै लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको दुई वर्षभित्रै पुनः बागलुङ र पर्वत जोड्ने तथा बागलुङ र म्याग्दी जोड्ने दुई पुल निर्माण भइरहेका छन् ।

बागलुङ र पर्वत जोड्ने अर्को पाँच सय २४ मिटर लामो पुल निर्माण शुरु भएको छ भने बागलुङ र म्याग्दी जोड्ने गरी निर्माण भएको तीन सय ८८ मिटर लामो पुल निर्माणको अन्तिम चरणमा रहेको छ। बागलुङ नगरपालिका-१ रामरेखादेखि कालीगण्डकी माथि पर्वतको कुस्मा नगरपालिका-१ अदुवाबारी जोड्ने गरी निर्माण भएको पाँच सय ६७ मिटर लामो पुल नेपालकै लामो भएको सस्पेन्सन ब्रिज डिभिजन कार्यालय काठमाडौंले जनाएको छ। उक्त पुल रु ११ करोड लागतमा निर्माण सम्पन्न भएको छ।

बागलुङ र पर्वत जोड्ने नेपालकै लामो झुलुङ्गे पुल थपिएको एक वर्षमा नै बागलुङ-४ कुडुँले फेदीबाट म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौर जोड्ने गरी तीन सय ८८ मिटर लामो पुल निर्माण शुरु भएको थियो । उक्त पुलको अहिले ८० प्रतिशत काम सकिएको पुल निर्माणको जिम्मा पाएको थानी हिमशिखर जेभी निर्माण कम्पनीका आधिकारिक प्रतिनिधि नरहरि खड्काले जानकारी दिए ।

त्यस्तै सोही कम्पनीले भदौबाट बागलुङ-४ उपल्लाचौरदेखि पर्वतको जलजला गाउँपालिका-८ ओडारे जोड्ने गरी कालीगण्डकी नदीमा अर्को पाँच सय २४ मिटर लामो पुल निर्माण शुरु भएको छ। बागलुङ र म्याग्दी जोड्ने तीन सय ८८ मिटर लामो झोलुङ्गे पुल निर्माणको अन्तिम चरणमा पुगेको छ। सङ्घीय सरकारको 'सस्पेन्सन ब्रिज' डिभिजनले म्याग्दीको बेनी-१ रत्नेचौरदेखि बागलुङ-४ कुडुले जोड्ने ढोडेनी खोलामाथि पुल निर्माण डेढ वर्षअघि शुरु गरेको थियो । निर्माण कम्पनीका अनुसार पुलको निर्माण अन्तिम चरणमा पुगेको छ ।

खड्काले आफ्नो निर्माण कम्पनीले जिम्मा पाएको झोलुङ्गे पुल सम्पन्न गर्नुपर्ने मितिभन्दा अगावै सम्पन्न भइरहेको बताए । कुडुँलेदेखि रत्नेचौर जोड्ने पुल रु तीन करोड ५० लाखमा निर्माण गरिएको छ। एक सय ७० मिटर अग्लो कुडुले रत्नेचौर जोड्ने झोलुङ्गे पुलले दुई जिल्लाको यात्रालाई सहज बनाउँदै पर्यटन विकासमा टेवा पुर्‍याउनेछ। उक्त पुलको दायाँ र बायाँतर्फ जाली हालेर लट्ठा कस्ने, भार परीक्षण र प्राविधिक नापजाँचको काम मात्रै बाँकी रहेको छ। पुल बनेपछि एक घण्टाको बाटो पाँच मिनेटमा छोटिनाका साथै रत्नेचौरमा उत्पादन हुने तरकारी र दूध बजारीकरण गर्न र पैदलमार्ग हुँदै बेनी-बागलुङ आवतजावत गर्ने सर्वसाधारणका लागि सहज हुने बागलुङ-४ का वडाध्यक्ष कुमारविक्रम क्षत्रीले जानकारी दिए ।

पुल निर्माणका लागि बागलुङतर्फको झन्डै छ आना जग्गा निःशुल्क दिएर विकासको ढोका खोलेको जग्गादाता राजेन्द्रबहादुर जिसीले बताए । उक्त पुल झन्डै रु सात करोड लागतमा निर्माण शुरु गरिएको छ ।

## Chaurpati Rural Municipality
## Office of The Rural Municipal Executive
### Chaurpati , Achham

## Invitation for Bids

**Contract Identification No: CRM/ACHHAM/NCB/G/06/079/080**

Invitation Of Bids for the procurement of Goods

**First date of publication:- 2079/07/ 24 ( Nov. 10,2022)**

1. ***Chaurpati Rural Municipality, Office of the Rural Municipal Executive*** Chaurpati Achham, has allocated fund for Procrument & Supply of Drugs and Surgical items works and intends to apply part of the funds to cover eligible payments under the Contract as mentioned in table below. Bidding is open to all eligible Nepalese bidders.
2. ***Chaurpati Rural Municipality , Office of the Rural Municipal Executive*** Chaurpati Achham invites electronic bids from Nepalese eligible bidders for the Procrument & Supply works as per table below under National Competitive Bidding procedures. Only eligible Suppliers should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect theBiddingDocuments at ***Chaurpati Rural Municipality , Office of the Rural Municipal Executive*** Chaurpati Achham***, email:chaurpatigaupalika@gmail.com, Phone no: 9848638254/9848435229*** or may visit PPMO website www.bolpatra.gov.np/ egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned in the table in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in
   **Bank: Name of the Bank: Century Bank**
   **Name of Office: Office of the Chaurpati RuralMunicipality**
   **Chaurpati Achha Office Code no.** *801077205*
   **Office Account/Dhaurati no.: 1240000005 GE,**
   **Aantarik Rajaswa A/C no. : 1240000016 GE**
5. Bid must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00Hrs*** on ***2079/08/09 (Nov.25 , 2022 AD)*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **13:00** Hrs of ***2079/08/09 (Nov.25 , 2022 AD)*** at ***Chaurpati Rural Municipality , Office of the Rural Municipal Executive*** Chaurpati Achham. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format amounting Prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid**.**
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**DETAILS OF WORK**

| S. N | Contract Id | Description of works | Estimated Amount(NRs.) Excluding VAT and Contingency | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | CRM/ACHHAM/ NCB/G/06/2079/080 | Procrument & Supply of Drugs and Surgical items | 2039721.75 | 53000.00 | 1000.00 |

**Chief Administrative Officer**

**WE ARE HIRING**

We are hiring the following positions.

1. Public Relations Officer
2. Document Controller

Candidates who have prior experienced in the same filed in recruitment agency may email their CVs to
cv@motherlandoverseas.com

Motherland Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu
Phone: 01-4961111
9851048599

**मलेसियामा रोजगार** | कम्पनी : MAPEI MALAYSIA SDN.BHD. शहर : KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०३/१८ चलानी नं.: ६०१८२२८८ LT. No.: 266317 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**यूएईमा रोजगार** | कम्पनी : Al MAYA SUPERMARKET LLC शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००१० LT. No.: 253391 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WArehouse Helpers | 26 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Advisors | 0 | 23 | | 2000 | ७१,२२० | | | | | | | |
| 3. | Cashiers | 0 | 25 | | 1200 | ४२,७३२ | | | | | | | |
| 4. | Data Entry Operator | 2 | 0 | | 1300 | ४६,२९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १ गते (17 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

मध्यान्ह
www.madhyanhadaily.com
२४ कात्तिक २०७९, बिहीबार
10 November 2022, Thursday

## सम्पादकीय

# विचार पुर्‍याउनुपर्ने विषय

चुनावी प्रचारमा शीर्ष नेताहरू देश दौडाहामा निस्किएका छन् । कात्तिक १७ गतेदेखि निर्वाचन आयोगले प्रचारप्रसारको बाटो खुला गरिदिएपछि सत्तारूढ र विपक्षी गठबन्धनका शीर्ष नेताहरू देश दौडाहामा निस्किएका हुन् । प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कात्तिक १८ गते दार्चुला पुगेर प्रचार अभियान थालेका थिए । त्यसअघि नै प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा गृह जिल्ला डडेलधुरा पुगेका थिए । डडेलधुरापछि कञ्चनपुर हुँदै फेरि प्रधानमन्त्री देउवा दार्चुला पुगे । सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि कर्णाली प्रदेश हुँदै बुधबार दार्चुला पुगेका थिए । दार्चुलामा बुधबार प्रधानमन्त्री देउवा र पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले एउटै मञ्चबाट संयुक्त सम्बोधन गरे ।

सम्बोधनका क्रममा देउवा र प्रचण्डले ओलीलाई जवाफ दिएका छन् । ओलीले भारतीय पक्षबाट सीमा मिचिए पछि नेपालले जारी गरेको नयाँ नक्साबारे अभिव्यक्ति दिएका थिए । आफू प्रधानमन्त्री भएका बेला लिम्पियाधुरा, लिपुलेक र कालाकानी सहितको भूमि समेटेर नयाँ जारी गरेको अपनत्व लिन खोजेका थिए । अहिलेको सत्तारूढ गठबन्धनले मिचिएको भूमि फिर्ता ल्याउन नसक्ने दावी गरेका थिए । जवाफमा देउवा र प्रचण्डले नयाँ नक्सा जारी गर्नु ओलीको बाध्यता भएको बताए । प्रचण्डले पार्टीभित्र आफूसहित नेताहरूको दबावमा नयाँ नक्सा जारी भएको जवाफ फर्काए । यसले राष्ट्रवादी मत तान्न दुवै गठबन्धनका नेताहरू लागिपरेको बुझ्न सकिन्छ । निर्वाचन भएकाले यसलाई अनुमान लगाउन सकिने विषय नै हो ।

तर नतिजा आफूतिर तान्ने बाहनामा एकअर्काविरूद्ध अनावश्यक र प्रमाणित हुन नसक्ने आरोप लगाउनुले राजनीतिप्रति नै बितृष्णा उत्पन्न हुनसक्छ । तथ्य प्रमाणित नहुँदा जनतामा भ्रम सिर्जना हुने अवस्था आउने खतरा पनि रहन्छ । तथ्य एकातिर र दावी अर्कोतिर भएमा मुलुककै नेतृत्व गर्ने दलहरूप्रति जनविश्वास घट्न सक्छ । त्यो अवस्थाले लोकतन्त्र नै कमजोर हुने हुँदा शीर्ष नेताहरूले यसतर्फ सोच्न आवश्यक छ । कम्तिमा आफ्नो कामको प्रचार गर्दा अर्का दल र नेताप्रति मर्यादा कायम गरिनु लोकतान्त्रिक संस्कृति पनि हो । यदि लोकतान्त्रिक संस्कृति कमजोर बन्यो भने संविधान र अहिलेको व्यवस्था समेत खतरामा पर्ने बिर्सनु हुन्न । एकपटक चुनाव हारेमा अर्कोपटक चुनाव जित्न सकिन्छ । तर नागरिकबाट गुमेको विश्वास आर्जन गर्नु निकै कठिन हुनसक्छ । त्यसैले शीर्ष नेताहरूले प्रचार कार्यमा यसतर्फ विशेष ध्यान दिन आवश्यक छ ।

# आश्वासनको पुलिन्दा र चुनावी घोषणापत्र

*फेरि पनि दलहरूले ल्याएका चुनावी घोषणापत्रहरू यसअघि जस्तै छन् । मंसिर ४ का लागि दलहरूले ल्याएका घोषणापत्र 'आश्वासनको महापुराण' भन्दा फरक पर्ने खालका छैनन् ।*

अग्रलेख



● भुपेन्द्र थापा 'माधव'

मुलुक निर्वाचनको संघारमा छ। राजनीतिक दलहरु मतदाता सामु भोट माग्न घरदैलोदेखि आमसभा केन्द्रीत छन् । दलहरु जस्तै अहिले सञ्चार माध्यमहरु पनि चुनाव केन्द्रीत बनेका छन् । नेतृत्व छनोटका लागि पाँच वर्षमा एक पटक पाउने अवसर भएको कारण पनि चुनावी माहोलले आम नागरिकलाई राम्रोसँग छोएको छ । अहिले नागरिक तहमा कसलाई जिताउने ? कसको पक्षमा खुल्ने ? कस्ता एजेण्डालाई सहयोग गर्ने ? भन्ने बहसहरु चलिरहेका छन् । हुन पनि कुन पार्टी र कस्ता उम्मेदवारलाई जिताउने भन्ने विषय यो अवधिमा निकै महत्वपूर्ण हुन्छ । जनताले गएको पाँच वर्षको अवधिमा कुन पार्टीले सरकारको नेतृत्वमा रहेर वा प्रतिपक्षमा बसेर मुलुक र जनताका लागि के-कति योगदान र भूमिका निर्वाह गरे भन्ने वस्तुगत समिक्षा पनि गर्नु अनिवार्य हुन्छ । अर्को, विगतको चुनावी घोषणापत्रमा गरिएका प्रतिबद्धताको के-कति कार्यान्वयन भए नभएको परिक्षण गरी सूचना लिने विषय पनि एकदमै महत्वपूर्ण विषय हो । यस्तो मतदाताको चासो, निगरानी र परिक्षणले राजनीतिक दलका उम्मेदवारहरुलाई खबरदारीसहित जिम्मेवारी बोध गराउन मद्दत गर्नेछ । यस्तो कार्यले मतदातालाई आफ्नो कर्तव्य बोध र सचेत हुन प्रेरित गर्नेछ ।




सरसर्ती हेर्दा, राजनीतिक दलले विगतमा गरेका बाचा र प्रतिबद्धता प्रतिशतका आधारलाई मान्ने हो भने दश प्रतिशत पनि घोषणापत्रमा लिपीबद्ध भएका विषयहरु व्यवहारमा कार्यान्वयन भएका छैनन् । जसकारण आम मतदातामा दलहरुले गरेका प्रतिबद्धताप्रति अविश्वास बढ्दो छ । २०७४ सालको निर्वाचन पछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था मुलुकले अंगिकार त गऱ्यो तर, नयाँ व्यवस्थाको पहिलो कार्यकाल भने मुख्य राजनीतिक दल र तीनका नेतृत्वमा पलाएको चरम सत्ता मोह, घमण्ड र अहंकारका कारण फलदायी हुन सकेन । तत्कालिन समय दलहरुले गरेका प्रतिबद्धता र घोषणापत्रलाई नियालेर केलाउने हो भने "समृद्ध नेपाल सुखी नेपाली"को महत्वकांक्षी सपना देखाएर सामान्य मौलिक अधिकारका सान्त्वना पुरस्कारबाट समेत वञ्चित पार्ने काम यो अवधिमा भयो । मतदातालाई ठग्ने, छल्ने र आँखामा छारो हाल्ने एवम् नक्कली समाजवादको गुदी आफू चसेुर जनताको हातमा कोया थमाउने कार्य भयो ।

फेरि पनि दलहरुले ल्याएका चुनावी घोषणापत्रहरु यसअघि जस्तै छन् । मंसिर ४ का लागि दलहरुले ल्याएका घोषणापत्र 'आश्वासनको महापुराण' भन्दा फरक पर्ने खालका छैनन् । मुख्य राजनीतिक दलहरुले घोषणापत्रको नाममा झारा टार्ने काम गरेका छन् । दलहरुले मतदाता लोभ्याउन नियमित जस्तै राष्ट्रियता, सुशासन र समृद्धिका आर्कषक नारा दिएका छन् । दलहरुले कार्यान्वयनमा नगएको चुच्चे नक्सा जारीको पनि अपनत्व लिने प्रयास गरेका छन् । समाजवादी व्यवस्था र समृद्धि, सुशासन, सामाजिक न्याय र आर्थिक उन्नतिको नारा यसपटक पनि सबैभन्दा धेरै प्राथमिकतामा परेका छन् ।

२०७४ को निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले बाम गठबन्धनको निर्माण गर्दै "समृद्ध नेपाल र सुखी नेपाली" आकर्षक नारासहित साझा प्रतिबद्धता जनताको सामु गरेका थिए । बाम गठबन्धनको प्रतिबद्धताले आम जनतामा पनि निकै ठूलो प्रभाव पारेका थियो । झण्डै दुई तिहाई मत सोही कारण जनताले दिएका थिए । तर, बिडम्बना नेतृत्वमा देखिएको अहंमताले जनअभिमतअनुसारको सरकार टिक्न सकेन । चुनावी बाचाअनुसार दुई पार्टी एक भएर बनेको पार्टी पनि सांगठनिक संरचना मूर्तरूप नलिँदै विघटित भयो । तत्कालिन नेकपा विघटन मात्रै भएन व्यवस्था नै विघटित हुने अवस्था बन्यो । दुई/दुई पटकको असंवैधानिक संसद विघटन नेपालको राजनीतिक इतिहासका लागि निकै ठूलो घटना थियो । जसले राजनीतिलाई फरक कोर्षमा पुऱ्याउन खोजेको बुझिन्छ । अन्त्यमा, असंवैधानिक कोर्षमा हिँड्दै गरेको नेतृत्व सरकारबाट मात्रै बाहिरिएन, मिलिजुली र भागवण्डाको सरकार पनि निर्माण भयो । अहिले निर्वाचनमा देखिएको समिकरण पनि तत्कालिन घटनाको उत्पादन थियो ।

> *संविधानले सुनिश्चित गरेको जनताका मौलिक हक गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा राजनीतिक दलहरुको घोषणापत्रमा कहिल्यै प्राथमिकतामा परेनन् । राज्यका बहुसंख्यक किसानहरुको मल र बीउलाई अचित व्यवस्थापन गर्ने कुराको ग्यारेन्टी पनि कुनै दलले गरेनन् । घोषणा पत्रमा केही थान राष्ट्रियतालगायतका आर्कषक नारा भने छुटेका छैनन् ।*

अहिले विचार, सिद्धान्त, आर्दश र कार्यनीतिभन्दा पनि सत्ता साझेदारीको स्वार्थमा रहेर बेग्लाबेग्लै गठबन्धनहरु निर्माण भएका छन् । एकातिर कांग्रेस नेतृत्वमा बाम-लोकतान्त्रिक गठबन्धन छ भने अर्कोतिर एमालेको नेतृत्वमा गठबन्धन बनेको छ । चुनावमा पनि मिलिजुली गएको कारण चुनावी घोषणापत्र पनि दलहरुले करिब-करिब मिलेरै बनाएका छन् । दलहरुका प्रतिबद्धता गठबन्धन शैलीमा आएका छन् । जसले जनतामा भने निकै ठूलो निराशा जन्माएको छ ।


२०४८ सालदेखि हालसम्मका अवधिमा भएका बामपन्थी र गैरबामपन्थी राजनीति गतिविधिलाई नियाल्दा पार्टीहरुको कार्यशैलीमा खासै तात्विक अन्तर देखिँदैन । संविधानले सुनिश्चित गरेको जनताका मौलिक हक गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा राजनीतिक दलहरुको घोषणापत्रमा कहिल्यै प्राथमिकतामा परेनन् । राज्यका बहुसंख्यक किसानहरुको मल र बीउलाई उचित व्यवस्थापन गर्ने कुराको ग्यारेन्टी कुनै पनि राजनीतिक दलको घोषणापत्रमा समेटिएन । संविधान संशोधनसहित वास्तविक जनताको अर्थात् भूँईमान्छे भूँई जनताको पक्षमा संविधान पुर्नलेखन गर्ने प्रतिबद्धता कुनै पनि दलको चिन्ता र चासो भएको अनुभूति देखिएन । गौतम बुद्ध जन्मेको शान्ति भूमि हाम्रो देश नेपाललाई सु-संस्कृत, सभ्य पहिचान दिने महत्वपूर्ण विषय कुनै पनि राजनीतिक दलको घोषणापत्रमा अटेन । भूमिहिन सुकुम्बासी जनताको पक्षमा नीति निर्माण र समाधानको विषयमा पार्टीका घोषणापत्रहरु उदासिन देखिए ।

२०४६ सालको परिवर्तन र २०४८ सालको आम निर्वाचनदेखि यता राष्ट्र र जनताको मुद्दा बेचेर खाने प्रवृत्तिका राजनीतिक पार्टीका व्यवहार र कुसंस्कारका कारण यस पालीको संघीय र प्रादेशिक दुवै निर्वाचनमा परम्परागत पार्टी र नेतृत्वको विरुद्धमा अत्याधिक गैरदलीय यूवा उम्मेदवारहरु प्रतिस्पर्धाको मैदानमा खडा भएका छन् । यो राजनीतिमा यूवाको हस्तक्षेपकारी भूमिकाले परम्परागत राजनीतिक दल र तीनका नेतृत्वका लागि चुनौति र स्वतन्त्र यूवाहरुका लागि नयाँ अवसर हुने निश्चित छ । सँगै चूनौतिका अनगिन्ती पर्खालहरु पनि छन् । यी तमाम बेथितिलाई समाधान गर्न राजनीतिक विचार र दृष्टिकोण निर्माण गर्नबाट यूवाशक्तिहरु चुक्नुहुँदैन । केही स्वतन्त्रका नाममा वैचारिक दरिद्रता, वर्तमान प्रणालीप्रतिको हेराई, सामाजिक न्यायप्रतिको गैरजिम्मेवारीपन, राज्य र समाजले पृष्ठपोषण गर्दै आएका चरम विभेद अनि विभेदकारी सामाजिक-सांस्कृतिक संरचना एवम् सीमान्तकृत वर्ग, समुदाय र लिङ्गले संरचनात्मक ढंगले भोग्दै र व्यहोर्दै आएका उत्पीडनबारेमा बेखबर पनि देखिन्छन् । तर, ती यावत समस्याको बारेमा बेखर र उदाशीन हुने छुट कसैलाई पनि छैन । यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्थाको उचित पालनपोषण र संरक्षण गर्न मुलुकलाई वैज्ञानिक समाजवादतर्फ उन्मुख डोऱ्याउन परम्परागत राजनीतिकदलहरु चुकिरहेको सत्य हो । यसले जनतामा आक्रोश तिव्र गतिमा बढेर गएको छ । अर्को विषय जनताको स्वविवेकमाथिको अंकुश लगाउने र विचार, सिद्धान्त र कार्यनीति फरक भएका राजनीतिक दल र समूहसँगको सत्ता केन्द्रीत साँठगाँठ र अप्राकृतिक गठबन्धनप्रति आममतदाता रुष्ट छन् ।

मूख्य बिमति मतदातामा गठबन्धनको नाममा थर, ठेगाना नभएका र पार्टीलाई हुकुमी शासन गर्नु, विचार र आस्थामाथिको प्रतिबन्ध गर्नु, मनपरेका उम्मेदवार र पार्टीभित्र आफ्नो मत जाहेर गर्नबाट बञ्चित गर्नु, राजनीतिक सिद्धान्त र आस्थामाथि घोर बिचलनताको वातावरण निर्माण गर्नु, आजिवन कांग्रेसको सदस्य भएका मतदाता र कार्यकर्तालाई हँसिया हथौँडामा भोट हाल्न बाध्य पार्नु । बामपन्थी आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध जनसमुदाय र कार्यकर्तालाई पुँजीवादी कांग्रेसको रुखमा भोट हाल्न दबाब सिर्जना गर्नु । उता एमालेका कार्यकर्ता र मतदाताहरु राप्रपाको हलोमा भोट कसरी हाल्लान् ? राप्रपाका कार्यकर्ता र मतदाताले गणतन्त्र र संघीयताको पक्षधर सूर्यमा भोट कसरी हाल्ने हो ? यी र यस्ता यावत यक्ष प्रश्नको जवाफ आम नागरिकले कोबाट पाउने हुन् त्यो भने आउँदो मंसिर ४ गते नै पर्खिनु पर्ने छ ।


